अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं.प्रदेश, नेपाल

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक
### बैठक संख्या ६५
### मितिः२०७६/०४/१९

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| १. | सहायक (चौथो) | श्री सौजन कट्वाल | आमन्त्रित | |

२. न.प्र. स्वकीय सचिव श्री गजेन्द्र खनाल ''

## मिति २०७६/०४/१९ गते बसेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

१. अर्जुनधारा नगरपालिका र संयुक्त अधिराज्य बेलायतको विल्भरह्याम्पटन सिटि काउन्सिल बिच भगिनि सम्बन्ध स्थापना गर्ने सम्बन्धमा देहाय अनुसारका मुख्य बुँदाहरु भएको सम्झौता अनुमोदन गर्ने ।

क.दुई पक्ष बिच सहकार्यका लागि रुपरेखा तयार गर्ने ।

ख.आपसी सम्मान समानता तथा पारस्परिक लाभका आधारमा लागि सम्बन्धित क्षेत्र भित्र मित्रता प्रवर्द्धनका कार्यहरु गर्ने ।

ग.दुवै पक्षको सामाजिक तथा आर्थिक विकासका लागि सामाजिक,साँस्कृतिक शैक्षिक,वाणिज्य,पर्यटन तथा प्राविधिक सहकार्यलाई प्रवर्द्धन गर्ने ।

घ.दुवै पक्ष बिच विकास सहायता नीति अन्तर्गत पूर्वधार,सेवा प्रवाह,योजना,शासन तथा अन्य विषयहरुलाई प्रवर्द्धन गर्ने ।

ङ.उत्कृष्ट नीति तथा अभ्यासहरु आदान प्रदान गर्न सहकार्यको विस्तार गर्ने ।

च.दुवै पक्षको संस्थागत क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने ।

छ.दुवै पक्षका निर्वाचित जनप्रतिनिधि तथा नगरवासीहरुको दुवै तर्फ भ्रमण आदानप्रदान गर्ने ।

ङ.दुवै नगरको सम्बन्ध सुदृढ गर्ने ।

साथै,उक्त कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट लगिएका उपहारहरु खरिद गर्दा भएको खर्च बिल बमोजिम अनुमोदन गर्न ।

२. महानन्द चौक बाट शनिश्चरे बजार हुँदै जयपुर जाने सडकको साविकमा रहेको मापदण्ड कायमै राखी हाललाई महानन्द चौक – शनिश्चरे बजार सम्म ७० फिट र शनिश्चरे बजार बाट खतिवडा चौक सम्म ५२ फिट सडक क्षेत्र कायम गरी उक्त सडक क्षेत्र भित्र रहेका संरचनाहरु हटाई सडक क्षेत्र खाली गर्न ३० दिने सूचना प्रकासन गर्ने ।साथै,नेपाल विद्युत प्राधिकरणलाई समेत उक्त सडक क्षेत्र भित्र पर्ने विद्युत पोल स्थानान्तरण गर्न अनुरोध गर्ने ।उपरोक्त बमोजिमका कार्यहरु सम्बन्धित वडा कार्यालयहरुले गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख

३. चालु आर्थिक वर्षमा साझेदारी कार्यक्रमका लागि उपभोक्ता समिति तथा विभिन्न संघ संस्थाबाट पेश भएका प्रस्तावहरु नगरपालिकाको साझेदारी नीति तथा रीतपूर्वक रहे नरहेको छानविन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत सम्मिलित एक कार्यदल गठन गरी जिम्मेवारी दिने ।

४. नगरपालिका कार्यालयमा जनशक्ति अभाव भई कार्यालयको आन्तरिक लेखा परीक्षण हुन नसकिरहेकाले यस कार्यालयको आन्तरिक लेखा परीक्षण गरी सहयोग गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय,झापालाई अनुरोध गर्ने ।

५. यस नगरपालिकाको चालु आर्थिक वर्षको वार्षिक नीति,बजेट तथा कार्यक्रम मिति २०७६ साल श्रावण २४ गते सार्वजनिकिकरण गर्ने ।

६. यस नगरपालिकामा चालु आर्थिक वर्षका लागि स्वीकृत भएका योजनाहरुको आगामि ६० दिन भित्र प्राविधिक लगत स्टमेट तयार गर्ने ।साथै,साठिमुरे क्षेत्रमा विराट अर्जुनको प्रतिमा स्थापना तथा बिरिङ्ग नदिमा तटबन्धनका लागि डिपिआर निर्माण गर्ने ।

७. यस नगरपालिकामा आवश्यक रहेका विभिन्न विषयसँग सम्बन्धित कार्यविधि नियमहरु निर्माण आगामी भाद्र मसान्त सम्म तयार गर्न कारबाही अघि बढाउने ।सो का लागि कार्यालयमा रहेकै जनशक्तिलाई नियमानुसार अतिरिक्त भत्ता समेतको व्यवस्था गरी अतिरिक्त समय खटाउने ।

८. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ ख बमोजिम सामुदायिक वनहरुले वन पैदावार विक्री तथा उपयोग सम्बन्धि वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार विक्रीबाट प्राप्त आम्दानीको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकामा सो व्यवस्था कार्यन्वयनका लागि सबै सामुदायिक वन उपभोक्ता समितिहरुलाई लेखी पठाउने र समन्वय तथा सहयोगका लागि जिल्ला वन कार्यालयलाई अनुरोध गर्ने ।

९. अर्जुनधारा कन्स्ट्रक्सन कम्पनि,अर्जुनधाराले घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रका लागि आवेदन गरेकामा अर्जुनधारा नगरपालिकाको घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधिको शर्तहरुका अधिनमा रही इजाजत पत्र प्रदान गर्ने ।

१०. वडा नं ११ मा स्थापना भएको स्वास्थ्य सूचना केन्द्रलाई शहरी स्वास्थ्य केन्द्रमा स्तरोन्नति गर्न आवश्यक कारबाही अघि बढाउने ।

११. जनता माध्यमिक विद्यालय,अर्जुनधारा-३ को च.नं.०२/०७६/०७७ मिति २०७६/०४/०७ को पत्रबाट सो विद्यालयमा रहेको जिर्ण भवन भत्काउन अनुमति माग गरी आएकामा उक्त जिर्ण भवन भत्काउन अनुमति दिने ।

१२. वडा नं २ को चौरासे सिरान ९ नं मुहान छेउ गाँजाबारी झोलुङ्गे पुल उत्तर टाङ्टिङ्ग खोलाले धार परिवर्तन गर्न लागेकाले सोको रोकथामका लागि यस क्षेत्रका माननीय सांसद श्री पवित्रा निरौला खरेल मार्फत संघीय सरकार समक्ष अनुरोध गर्ने ।

१३. वडा नं ३ र ४ मा जंगली हात्तिको प्रकोप नियन्त्रणका लागि वडा नं ३ र ४ का लागि ६/६ थान साइरन खरिद गरी उपलब्ध गराउने ।

१४. अर्जुनधारा ६ स्थित श्री लक्ष्मी माध्यमिक विद्यालयको प्रशासनिक तथा आर्थिक बरबुझारथ गर्न असहज भएको भनी विद्यालय प्रशासन सञ्चालनका लागि सहज हुने गरी सामाजिक लेखा परीक्षण गर्नका लागि अनुरोध भई आएकामा हाललाई ६ नं वडा कार्यालयले संयोजन गर्ने गरी कार्यपालिका कार्यालयका आर्थिक प्रशासन शाखाका प्रतिनिधिको संयोजकत्वमा स्थानिय ३ जना अभिभावक तथा एक जना विषयविज्ञ रहने गरी एक समिति गठन गरी जिम्मेवारी दिने ।

१५. अर्जुनधारा नगरपालिका वडा नं २ र ३ मा पर्ने भोर्लेनी बाँस रोपणका लागि गठित समितिको आम्दानी नगरपालिकामा जम्मा गर्ने गरी आवश्यक व्यवस्था मिलाउन २ र ३ नं वडा कार्यालयलाई जिम्मेवारी दिने ।

१६. नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत उप सचिव श्री तोयानाथ रेग्मीको पेशागत आचरणका विषयमा प्रश्न एवं गम्भिर आरोप लगाई एक

हरी कुमार राना मगर
नगर प्रमुख

विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीले कार्यालयमा मिति २०७६/०२/१९ मा पेश गर्नु भएको उजुरीका सम्बन्धमा मिति २०७६/०२/२३ च.नं.३११४ को पत्रबाट के कसो भएको हो भनी कार्यालयबाट लिखित जवाफ मागिएको र पेसागत आचरण उपर गम्भिर आरोप लगाई सञ्चार माध्यममा प्रशारण भएको समाचार समेतका सन्दर्भमा मिति २०७६/०३/२७ गते च.नं.३४५७ को पत्रबाट के कसो भएको हो खुलाई पेश गर्न पत्राचार गरिएको र अन्य जनगुनासोका सम्बन्धमा समेत पटक पटक मौखिक रुपमा स्पष्टिकरण तथा जवाफ समेत माग गरिएकोमा निजबाट स्पष्टिकरण तथा कुनै प्रकारको जवाफ प्राप्त नभएकाले निजलाई नगरपालिकाको शिक्षा शाखाको प्रमुखको पदबाट जिम्मेवारि मुक्त गर्ने ।
साथै निजको कामकारबाहीका सम्बन्धमा व्यापक जनगुनासो आएको र निजको गतिविधिबाट यस नगरपालिकाको शैक्षिक क्षेत्रमा सहयोग नपुग्ने देखिएकाले निजलाई यस कार्यालयबाट फिर्ता गर्न सम्बन्धित निकायमा लेखी पठाउने ।

१७. यस नगरपालिकाले चालु आर्थिक वर्षमा सञ्चालन गर्ने स्वास्थ्य विमा सम्बन्धि कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि एक कार्यविधि गठन गर्न देहाय बमोजिमको एक कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| उप प्रमुख श्री कमला खतिवडा आचार्य | संयोजक |
| सामाजिक विकास समिति संयोजक श्री दिलिप गुरुङ्ग | सदस्य |
| नगर सभा सदस्य श्री कुन्दन भट्टराई | सदस्य |
| सि.अ.हे.व. श्री दुर्गाप्रसाद भट्टराई | सदस्य |
| स्वास्थ्य शाखा संयोजक श्री मुकुन्द बस्नेत | सदस्य सचिव |

२०७६/०४/१९

हरी कुमार राना मगर
नगर प्रमुख